
# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोरु गाउँपालिका

## मुगु





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोरु गाउँपालिका

## मुगु




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## सोरु गाउँपालिका

## मुगु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

**निष्ठा** *(Integrity)*

**स्वतन्त्रता** *(Independence)*

**व्यावसायिकता** *(Professionalism)*

**पारदर्शिता** *(Transparency)*

**जवाफदेहिता** *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनालय, कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ६६ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
सोरु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मुगु ।

## कैफियत सहितको राय

हामीले सोरु गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १३ करोड ६२ लाख ३७ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ५५ लाख २२ हजार, नियमित गर्नुपर्ने रु ७ करोड ८४ लाख ९० हजार र पेश्की रु २ करोड १६ लाख ८३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ३५ करोड ९१ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ४९ करोड ५३ लाख ५८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(..............)
नायब महालेखापरीक्षक

सोरु गाउँपालिका, मुगु

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४४ | १६१ | १३६२३७ | ० | ० | ० | ४४ | १६१ | १३६२३७ | ५४२ | ७८४९० | ३५५२२ | ० | ० | ११४०१२ | २१६८३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोरु गाउँपालिका मुगु | ३५९१२१ | ० | ० | ३५९१२१ | ० | १३६२३७ | ४९५३५८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सोरु गाउँपालिका, मुगु , सोरु गाउँपालिका , मुगु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बीरेन्द्र मल्ल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पुर्ण बहादुर सेजुवाल | २०७८-११-२ | |
| कार्यालय प्रमुख | लाल बहादुर मल्ल | २०७८-५-१८ | |
| लेखा प्रमुख | राज बहादुर भण्डारी | २०७९-१-५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १३६,२३७,४२३.९१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १६,६२,४८९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,०६,९७,००० | **चालु खर्च** | २७,९२,०९,०३४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५४,०९,००० | **पूँजीगत खर्च** | ७,५३,२५,९१५ |
| **राजश्व बाँडफाँट** | ६,१८,६८,०१९ | **वित्तीय/अन्य व्यवस्था** | १२,१५,६२,९३४ |
| **आन्तरिक आय** | १,४३,४६१ | | |
| **अन्य आय** | ११,६८,०५,२३३ | | |
| **कुल आय** | ५२,४९,२२,७१३ | **कुल खर्च** | ४७,६०,९७,८८३ |
| **बाँकी मौज्दात** | | ५,०४,८७,३१९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

**परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सोरु गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता,उत्तरदायित्व , पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सोरु गाउँपालिकाको उद्देश्य रहेको छ । यस सोरु गाउँपालिका अन्तर्गत ११ वटा वडा, ५६ गाउँ सभा सदस्य, ३६५।८ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार जनसंख्या रहेको छ ।

लेखापरीक्षणमा पेश भएका श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण , लेखापरीक्षण नीति, मापदण्ड,लिखित प्रतिनिधित्वपत्र , लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षण विधि अनुसार लेखापरीक्षण गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । ऊक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापन संग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन-

२

**स्थानीय संचितकोष**

स्थानीय सरकार संचालन ऐन २०७४ क दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता , आन्तरिक आम्दानी र स्थानीय सरकारबाट संचालन भएको आयोजनाहरु समेतको आय व्यय हिसाबको आर्थिक वर्ष २०७८/०७९ को समग्र कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

**सोरु गाउँपालिकाको आ.व. २०७८/७९ को एकिकृत आय व्यय विवरण**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | १६६२४८९।०० | १६६२४८९. | १ | **चालु खर्च** | २७९२०९०३४. | २७९२०९०३४. |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | ७५३२५९१५. | ७५३२५९१५. |
| | ख)धरौटी | ८०००. | | | | | |
| | ग) बैंक | १६५४४८९।०० | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | ० | |
| २ | **राजस्व ( आन्तरिक आय)** | ६२०११४८०. | ६२०११४८०. | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | १४३४६१. | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्वबाँडफाँडसंघिय | ६१८६८०१९. | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) राजस्व बाडफाड प्रदेश | ०. | | ४ | **लगानी** | ० | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | ३२०६९७००० | ३२०६९७००० | | ऋण लगानी | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | ९४५००००० | | | शेयर लगानी | ० | |
| | ख) सशर्त अनुदान | २२६१९७००० | | | अन्य लगानी | ० | |
| | ग) समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | ८००० | ८००० |
| | घ) विशेष अनुदान | ० | | ६ | कोष खर्च | ०. | ०. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ङ) अन्य अनुदान चालु | ० | | | | | | |
| | | | ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | २५४०९००० | २५४०९००० | ७ | सामाजिक सुरक्षा संरक्षण | ६६५११२४५ | ६६५११२४५ | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | १००४१००० | | ८ | गरिवसंग विशेश्वर | ६७३००० | ६७३००० | |
| | | | | ख) सशर्त अनुदान | ९०६८००० | | ९ | स्थानिय पुर्वाधार विकास | ० | ० | |
| | | | | ग) विशेष अनुदान | २५००००० | | | | | | |
| | | | | घ) समपुरक अनुदान | ३८००००० | | १० | एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २३२७४००० | २३२७४००० | |
| | | | ५ | गरिवसंग विशेश्वर | ६७३००० | ६७३००० | ११ | आ.व.०७७/ ०७८कोसशर्त अनुदान फिर्ता | ७८६९३२९. | ७८६९३२९. | |
| | | | ६ | सामाजिक सुरक्षा संरक्षण | ६६५११२४५ | ६६५११२४५ | १२ | **वैक मौज्दात** | ५०३४१२८४. | ५०३४१२८४. | |
| | | | ७ | नयाँ प्रविधिमा आधारितनदी नियन्त्रण कार्यक्रम | २९००००० | २९००००० | १३ | नयाँ प्रविधिमा आधारितनदी नियन्त्रण कार्यक्रम | २९००००० | २९००००० | |
| | | | ८ | एकीकृत स्वास्थ्य पुर्वाधार विकास | २३२७४००० | २३२७४००० | १४ | मूख्यमन्त्री रोजगारतथा उद्यमशिल तथा आय आर्जन कार्यक्रम पूँजीगत | १९१६१२४० | १९१६१२४० | |
| | | | ९ | मूख्यमन्त्री रोजगारतथा उद्यमशिल तथा आय आर्जन कार्यक्रम पूँजीगत | १९१६१२४० | १९१६१२४० | १५ | मूख्यमन्त्री रोजगारतथा उद्यमशिल तथा आय आर्जन कार्यक्रम चालु | १०५००० | १०५००० | |
| | | | १० | मूख्यमन्त्री रोजगारतथा उद्यमशिल तथा आय आर्जन कार्यक्रम चालु | १०५००० | १०५००० | १६ | **सामाजिक विकासमन्त्रालय कर्णाली प्रदेश सरकार** | १०६११२० | १०६११२० | |
| | | | ११ | सामाजिक विकासमन्त्रालय कर्णाली प्रदेश सरकार | १०६११२० | १०६११२० | | | | | |
| | | | १२ | सडक बोर्ड नेपाल | १०००००० | १०००००० | | | | | |
| | | | ७ | धरौटी प्राप्त | १४६०३५ | १४६०३५ | | | | | |
| | | | ८ | प्रकोप व्यवस्थापन कोष | ० | ० | | | | | |
| | | | ९ | स्थानिय पुर्वाधार विकास | ० | ० | | | | | |
| | | | १० | कोष तर्फको आय | | | | धरौटी मौज्दात | १४६०३५ | १४६०३५ | |
| | | | ११ | एकीकृत स्वास्थ्य पुर्वाधार विकास | ० | ० | | प्रकोप व्यवस्थापन कोष | ०. | | |
| | | | १२ | PLGSP | ६९८५०० | ६९८५०० | | कर्मचारी कल्याण कोष | ० | | |
| | | | १३ | अन्य विविध आय/ स्रोतनखुलेको | १२७५०९३ | १२७५०९३ | | आन्तरिक अनुदान | ० | | |
| | | | १४ | | | | | राजश्व बाडफाटबाट प्राप्त राजश्व | ० | | |
| | | | | **जम्मा** | | ५२६५८५२०२. | | **जम्मा** | | ५२६५८५२०२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको पाईएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट गरी सडक निर्माण कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ११ वडा का २०४ जनालाई रोजगारी उपलव्ध गराई रु.९४,९९,८३०/- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने कुनै पनि कार्य नभएको देखियो।न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ५ | | | **कानून निर्माणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म ४ ऐन, ३ विधेयक,१ मापदण्ड, १० कार्यविधि र २ निर्देशिका समेत २० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **सेवा प्रवाह**<br>पालिकाले स्थानLय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ । | |

| विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | घटना दर्ता संख्या |
|---|---|---|
| जन्म | ४६८ | ४६८ |
| मृत्यु दर्ता | १०७ | १०७ |
| बसाइसराइ | २३ | २३ |
| विवाह दर्ता | १५३ | १५३ |
| सम्बन्ध विच्छेद | ० | ० |
| जम्मा | ७५१ | ७५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **वित्तीय विवरणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँनगरपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्यप्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• आषाढ मसान्तलाई cut off मिति मानी श्रेस्तामा बैंक मौज्दात देखाई बैंक सँग फरक रकमको स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• गाँउपालिकाले सुत्रमा प्रविष्ट गरेकोले गोश्वारा भौचर तथा बैँक नगदी किताबको प्रविष्टी पनि सिलसिलेवार नभई तल माथि गरी प्रविष्टी गरेकोले आर्थिक कारोवार स्पष्ट र पारदर्शी देखिन आएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ८ | | | **सुरु मौज्दातमा फरकः**<br>गत वर्ष गाउँपालिकाले सुत्रको आधारमा तयार गरेको वित्तीय वितरणको अन्तिम बैंक मौज्दात रु २०,६२,६४८/- र धरौटी मौज्दात रु. ८०,२७९/-गरी जम्मा रु. २१,४२,९२७/- लाई लेखापरीक्षणबाट समेत प्रमाणिकरण भई प्रतिवेदनमा समावेश गरिएकोमा यस वर्ष सुत्रबाट तयार गरिएको वित्तीय विवरणमा शुरु मौज्दात रु. १६,६२,४८९।०० मात्र कायम भई रु ४,८०,४३८।०० घटी मौज्दात सारेको छ। लेखापरीक्षणको लागी प्रस्तुत वित्तीय बिवरणमा शुरु मौज्दात रु. १६,६२,४८९।०० नै कायम गरेको छ । तर उक्त फरक रकमको कारण सहित समायोजन हिसाव तयार गरेको छैन । अत: उक्त फरक रकम सम्वन्धमा समायोजन हिसाव पेश हुनुपर्ने रु.<br><br>क्रम \| कर्मचारीको नाम \| असुली रकम<br>८.१ \| सोरु गाउँपालिकाको कार्यालय \| ४,८०,४३८ | ४८०,४३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **सशर्त अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को दफा ४५ अनुसार संघीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र सम्बन्धित स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा खर्च नभई बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेमा सो भएको नदेखिएकोले उक्त रकम संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | १८,०३२,१२४ |
| १० | | | **लेखापरीक्षण क्षेत्रको सिमितता:**<br>लेखापरीक्षण ऐन, २०७५ को दफा १२ मा महालेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा जिम्मेवार पदाधिकारीलाई लेखासँग सम्बन्धित कागजात पेश गर्न लगाउन सक्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकालाइ महालेखापरीक्षकको बार्षिक योजना २०७९ अन्तर्गतको अनुसुची २० अन्तर्गतको फारम न १ देखी १० र अनुसुची २१ अन्तर्गतको बेरुजू विवरण बाँकी फारम उपलब्ध गराइएकोमा उक्त फारम तथा विवरण भरी पेश हुन आएन । तसर्थ उक्त विवरण प्राप्त नभएकोले खरिद ब्यबस्थापन सोझै खरिद ,खरिद सम्झौता , अवधि थप सम्बन्धी, कन्टेन्जेन्सी खर्च, अधुरो निर्माण कार्य, परामर्श खर्च लगायतको बिबरण सम्बन्धमा बिश्लेषण गर्न सकिएन । | |

(Tables within item ९:)

| क्र सं | विवरण | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|
| १ | संघीय सशर्त अनुदान चालु | १,६८,१८,४७२ |
| २ | संघीय सशर्त अनुदान पुँजीगत | ५,१७,४०६ |
| ३ | प्रदेश सशर्त अनुदान पुँजीगत | ६,९५,५०० |
| ४ | प्रदेश समपुरक अनुदान | ७४६ |
| | | १,८०,३२,१२४ |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ९.१ | सोरु गाउँपालिकाको कार्यालय | १,८०,३२,१२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **लागत सहभागिताः**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ।तर पालिकाले लागत सहभागिता शिरोभारसहितका लागत अनुमान तयार गरेको देखिएन।अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |
| १२ | | | **आन्तरिक ऋणः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६८ मा उल्लेखित सिमाभित्र रही उत्पादनशील,रोजगारमूलक, आन्तरीक आय बृध्दी तथा पूजिगत कार्यकालागी सभावाट स्वीकृत गराइ आन्तरीक ऋण लिन सक्ने व्यवस्था भएकोमा यस पालिकाले यस वर्षान्त सम्ममा पालिकाको उक्त कार्यको लागि नगद प्रवाहको बिश्लेषण गरी श्रोत व्यवस्थापनका लागी आन्तरीक ऋण लिएको देखिएन । | |
| १३ | | | **कन्टिन्जेनसी खर्चः**<br>सार्वजनिकखरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माणकार्यको लागतअनुमानतयार गर्ने ढाँचा अनुसूची–१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माणकार्यको लागतअनुमानतयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिनाअन्यखर्च २ प्रतिशत गरी ४ प्रतिशत खर्च गर्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष गरेको पुजिगत खर्च अन्तर्गत कन्टिन्जेन्सी खर्चको अभिलेख ब्यबस्थित गरी राखेको पाइएन । नियमकानुनको परिपालना तथा परिधिभित्र रहि उक्त खर्चको अभिलेख ब्यबस्थापन हुनुपर्दछ । | |
| १४ | | | **आन्तरिक लेखापरीक्षणः**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **वार्षिक विवरणः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **धरौटी तर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म ले प फा नं ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म ले प फा नं ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानूनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो । | |
| १७ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमान आन्तरिक आयतर्फ मसलपोत,कर,सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.१०,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८/७९ आन्तरिक स्रोतबाट रु. १,४३,४६१।०० अर्थात अनुमानको १४.३१ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीको अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १८ | | | **उपभोक्ता समितिको श्रेस्ता अनुगमनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ।उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **आर्थिक कारोवारको स्थिति:**<br>यस पालिकाले गत वर्षको जिम्मेवारी रु १६,६२,४८९।०० सहित यस वर्षको समग्र आय तथा प्राप्ती रु ५२,६५,८५,२०२।०० र मौज्दात रु.५,०३,४१,२८४।०० सहित समग्र व्यय तथा भुक्तानी रु ५२,६५,८५,२०२।०० देखाएको छ ।पालिकाले यस वर्षको कार्यसञ्चालनवाट खुद आय ब्यय र बचत तथा न्यून खुलासा हुनेगरी र गत वर्षको आय तथा व्ययको तुलनात्मक स्थिती प्रस्तुत हुनेगरी आय तथा व्यय बिवरण तयार गरेको छैंन ।पालिकाको बित्तीय बिवरण प्रस्तुतीमा पारदर्शीता र जवाफदेहीता कायम हुनेगरी सुधार हुनुपर्दछ । | |
| २० | | | **जिन्सी व्यवस्थापन र लगत अद्यावधिकः**<br>कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारमको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो ।अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ । | |
| २१ | | | **सामाजिक सुरक्षा तर्फः**<br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.६६५११२४५/- प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २१ मा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । नेपाल राजपत्रमा २०७७।७।२४ मा प्रकाशित सूचना अनुसार यस पालिकाले २०७७।८।१ देखि अनिवार्य रुपमा बैंङ्किङ प्राणाली मार्फत सामाजिक भत्ता वितरण गर्नुपर्ने उल्लेख रहेकोमा बैंक मार्पत वितरण गरेको पाईयो । | |
| २२ | | | **एम.आई.एस विवरणः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम=आई=एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ ।नगरपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको पाईयो। नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम=आई=एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम=आई=एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । | |
| २३ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• गाउँपालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मूल्य अभिवृद्धि कर नियमावली,२०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकामा PAMS लागु भए तापनि सबै मालसामानहरु PAMS मा अद्यावधिक नगर्ने हुदा पालिकाको वास्तविक रुपमा रहेको जिन्सी सामानको मौज्दात बारे एकिन गर्न नसकिने हुदा खरिद गरिएको मालसामानहरु PAMS इन्ट्री गर्नुपर्दछ ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा आंशिक मात्र गर्ने गरेको छ ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना,कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भईरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्वस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7 ख(2) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.२,५२,२७,१७७/- खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४ ऐन ,३ विधेयक, १० कार्यविधि, १ मापदण्ड र २ निर्देशिका समेत २० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **लेखा तथा स्रेस्ता:**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि जिन्सी खाता प्रमाणित गराइ नराखेको , कार्यक्रम संचालनका सबै विल भरपाई हाजिरी लगायतका प्रमाण एकमुष्ठ रुपमा राख्ने गरेको, एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, सबै पेश्की फछ्यौटको तेरीज राख्ने नगरेको, समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको आर्थिक कार्याविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली अनुसार भौतिक एवं. वित्तीय स्थिती देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, पुँजिगत शीर्षकबाट खर्च लेख्दा केही योजनाहरुको भुक्तानी टिप्पणी र चेकजाँच विवरण सँलग्न नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली उक्त नियमाबलीको नियम ९५ अनुसार भएको सुनिश्चित हुने आधार भएन । यसमा कार्यालय प्रमुखले ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| २५ | | | **विविध तथा खाना खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविधतर्फ ११ वटै वडाहरुको समेत रु. १,४७,५०,५७५।- खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| २६ | | | **वजेट तथा कार्यक्रम तर्जुमाः**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जूमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ ।नगरपालिका, सँघीय सरकार तथा प्रदेश सरकार समेतको कार्यक्रम अन्तर्गतको कार्यक्रमहरुमा दोहोरोपना हुन नदिन आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यबस्था गरेको देखिएन । | |
| २७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपन हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले बजेट तथा कार्यक्रम समिति गठन नै नगरी बजेट तयार गरी कार्यपालिकाबाट स्वीकृत समेत नगरी गाउँपालिकाका उपाध्यक्षले गाउँसभाले प्रत्यायोजित गरेको अधिकार बमोजिम कार्यपालिकाबाट बजेट पास गरी खर्च गरेकोले ऐनमा भएको व्यवस्थाको पालना भएको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिती**<br>स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा ५.१.३ मा बजेटको पूर्व तयारी गर्दा गाउँकार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ । त्यस्तै सोहि दिग्दर्शनको बुदा ५.२.२.३ मा श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तब्य अधिकारमा विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने, र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने समेत ब्यबस्था छ । गाउँपालिकाले हालसम्म दिग्दर्शन बमोजिम श्रोत अनुमान तथा बजेट निर्धारण समितिको गठन नगरेको पालिकाले विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने कार्य र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय नगरी बिषयगत क्षेत्रमा देहाय बमोजिम बजेट तथा खर्च गरेको छ । दिग्दर्शन बमोजिम राजस्व परामर्श समिति र वजेट तथा स्रोत अनुमान समिति गठन गरी विषय क्षेत्रगत वजेटको सीमा निर्धारण गर्ने र विषय क्षेत्रगत वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गरी बजेट तर्जुमा तथा खर्च गरिनु पर्दछ । | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्चमध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | १०२०००००० | ७८५१६४० | २.२१ |
| पूर्वाधार विकास | ८२१९२४१० | ५४२७१०९० | १५.३१ |
| सामाजिक विकास | २१४५३१००० | १८८३११९५९ | ५३.११ |
| वातावरण तथा विकास | ० | ० | ० |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ५९१७००० | ५८९४७०१ | १.६६ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२३२५१३८६ | ९८२०६३५९ | २७.७० |
| **जम्मा** | **४३६०९१७९६** | **३५४५३४९४९** | १०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **योजना तथा कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याइको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालीन उपलब्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ । यस वर्ष भएका कामका योजनाहरु द्हायअनुसार छन् : | |

| सि नं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | १ लाख भन्दा कमका योजना | ५६ | २८,५२,२१० |
| २ | १ लाख देखि २ लाख ५० हजार सम्मका योजना | ११९ | ६५,३६,५०० |
| ३ | २ लाख ५० हजार देखि ५ लाख सम्मका योजना | ४० | १,४०,९२,१५७ |
| ४ | ५ लाख देखि १० लाख सम्मका योजना | १६ | १,२७,०६,५०० |
| ५ | १० लाख देखि २५ लाख सम्मका योजना | ४ | ७०,८८,००० |
| ६ | २५ लाख देखि माथिका योजना | २ | १,००,००,००० |
| | जम्मा | २३७ | ५,३२,७५,३६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **चौमासिक पुँजीगत खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियममा स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पुँजीगत तर्फ प्रथम चौमासिकमा १.१० प्रतिशत, दोश्रो चौमासिकमा ४३.१६ प्रतिशत र तेश्रो चौमासिकमा ५५.७८ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको ५५.२१ प्रतिशत खर्च गरेको छ । वर्षको अन्तमा ५५ आधा भन्दा बढी खर्च देखिएकोले निर्माण कार्यको गुणस्तरीयता सुनिश्चित गर्न आषाढमा खर्च गर्ने प्रवृत्तिमा सुधार गरिनु पर्दछ ।<br><table><tr><td rowspan="2">पुँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च (रु.हजारमा)</td><td colspan="3">चौमासिक खर्च (रु. हजारमा)</td><td rowspan="2">आषाढको खर्च हजारमा</td></tr><tr><td>प्रथम</td><td>दोश्रो</td><td>तेश्रो</td></tr><tr><td>विभिन्न</td><td>७५३२६</td><td>८००</td><td>३२५१०</td><td>४२०१६</td><td>४१५९१</td></tr><tr><td>प्रतिशत</td><td>१००</td><td>१.१०</td><td>४३.१६</td><td>५५.७८</td><td>५५.२१</td></tr></table> | |
| ३१ | | | **बार्षिक खरिद योजना**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक वर्ष भन्दा अविधसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि वार्षिक १० करोड रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ बमोजिम वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा खरिदका प्रकार तथा सम्भावित प्याकेज, खरिद कारबाहीको समय तालिका, खरिदका विधि लगायत सम्झौताका किसिम एकीन गरी समम तालिका निर्धारण गरी खरिद कारबाही अगाडि बढाउनु पर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७,५३,२५,९१५।-पुँजीगत खर्च गरेको छ । पालिकाले निमायवलीको सीमा भन्दा बढी रकमको वार्षिक खरिद गर्दा नियमावलीले तोके बमोजिमको वार्षिक खरिद योजना/खरिद गरुयोजना नबनाई खरिद गरेको छ । पालिकाले उक्त नियमावली बमोजिम वार्षिक खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित, समयबद्ध तथा प्रभावकारी हुने गरी खरिद कारबाही गर्नुपर्दछ । | |
| ३२ | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन अनुसार हालसम्म यस्तो कोषको स्थापना नगरेकोले यस्तो कोषको स्थापना गर्नपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **अन्य कार्यालयको खर्चः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न निकायले आफ्नो कार्यालय प्रयोजनको लागि खरिद गरेका सामानको बिल बिजकको आधारमा सो निकायलाई भुक्तानी गरेको रकमलाई नियमसंम्मत मान्न नसकिने रु.४९७०८५।- | ४९७,०८५ |

| गो भौ नं/मिति | बिवरण | भुक्तानी रकम |
|---|---|---|
| ११३/२०७८।३।२९ | राष्ट्रिय बाणिज्य बैंक सोरु शाखाको फर्निचर खरिद | ४९७०८५।- |

गाँउपालिकाले उपरोक्त प्रकृतिको खर्चहरुमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **सक्कल बिल भरपाईः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने सक्कल बिल भरपाई संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न फर्म तथा पार्टीहरुबाट निम्न बमोजिमका मालसामान तथा सेवा खरिद गरेकोमा फोटोकपी बिल संलग्न गरी खर्च लेखेकोले सक्कल बिल पेश गर्नुपर्ने रु | ६५९,५८८.९१ |

| गो भौ नं/मिति | पार्टीको नाम | बिजक नं/मिति | भुक्तानी रकम |
|---|---|---|---|
| ११०/२०७८।१०।२४ | निसान कम्प्युटर ट्रेडर्स नेपालगञ्ज | ७५०/२०७८।१०।७ | ४,९१,०५१.६७ |
| ८१/२०७८।१०।१६ | माता सफल मोटर पार्टस् | १०२१/२०७८।१०।१६ | १०५२५९.५० |
| | | १०२२/२०७८।१०।१६ | ३०९४२.७९ |
| | | १०२३/२०७८।१०।१६ | ३२३३४.९५ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **बजेट तर्जुमा समिति गठनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ अनुसार श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण गर्दा गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण गरी वैशाख दश गतेभित्र बजेट सीमा प्रशासकीय अधिकृतलाई उपलब्ध गराउनुपर्ने र सो सीमा प्रमुख प्रशासकीय अधिकृतले वैशाख १५ गते भित्र गाउँपालिकाका विषयगत महाशाखा, शाखा र वडा समितिलाई उपलब्ध गराए पछि विषयगत महाशाखा, शाखा तथा वडा समितिले गाउँपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्षसम्म श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन नगरेकोले ऐनमा भएको व्यवस्थाको पालना गरेर मात्र बजेट सीमा निर्धारण गर्नु पर्दछ । | |
| ३६ | | | **आन्तरिक लेखा परीक्षणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ ले स्थानिय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले आन्तरिक लेखापरीक्षण गराई प्रतिबेदन प्राप्त गरेको देखिएन । कार्यालयले ऐनमा भएको व्यवस्थाको पालना गरी अन्तिम लेखापरीक्षण पूर्व आन्तरिक लेखापरीक्षण गराई सोमा देखिएका कैफियतमा सुधार गरी आर्थिक कारोबारको प्रतिबेदन सहित अन्तिम लेखापरीक्षणको लागि वित्तीय प्रतिबेदन र सोसँग सम्बन्धित आन्तरिक लेखापरीक्षण प्रतिबेदन पेश गर्नुपर्नेमा कार्यालयले आन्तरिक लेखापरीक्षण गराएको पाईएन । यसवाट आन्तरिक नियन्त्रण कमजोर देखिएकोले सम्बद्ध पक्षले उक्त ऐनको ब्यबस्था बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरिनुपर्दछ । | |
| ३७ | | | **भ्रमण अवधिको स्थानीय भत्ता**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर बैठक भत्ता, फिल्ड भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने ब्यवस्था रहेको छ । नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयका कर्मचारीहरुले भ्रमणमा रही दैनिक भत्ता उपभोग गरेको अवधिको समेत स्थानीय भत्ता भुक्तानी गरेकोले कार्यालयले भ्रमण भत्ता अवधिको भुक्तानी गरेको स्थानीय भत्ता यकीन गरी असूल गर्नुपर्ने रु. | २८,९२२ |

| सि नं | कर्मचारीको पद तथा नाम | भ्रमण अवधिको स्थानीय भत्ता भुक्तानी भएको दिन | असूल गर्नुपर्ने स्थानीय भत्ता |
|---|---|---|---|
| १ | पूर्ण बहादुर सेजुवाल (अधिकृतस्तर छैठौं | ४० | १९६८० |
| २ | जगत बहादुर मल्ल (सब इन्जिनियर) | २० | ६४३३ |
| ३ | निर्मल देवकोटा (शिक्षा प्रमुख पाँचौं) | ९ | २८०९ |
| | जम्मा | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td></td><td></td><td>
योजना स्थान तथा चेनेजहरु नखुलाई नापीमा प्रबिष्ट गर्ने कार्य गरेको<br>
सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(३) मा उपनियम (२) बमोजिमको उपभोक्ता समितिबाट प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा नियमावलीमा व्यबस्था भए बमोजिम कार्य गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा योजना सञ्चालन हुने स्थान, चेनेज लगायतको विवरण सहित लागत अनुमानको तयारी, सम्झौता तथा निर्माण कार्यको नापी गरी कार्य गर्नुपर्नेमा एकमुष्ठ रुपमा निर्माण कार्यको चेनेज नखुलाई नापी गरी भुक्तानी गर्ने गरेको पाईयो । यसरी निर्माण कार्यको चेनेज नखुलाई कार्य गर्दा दोहोरो परिमाणमा भुक्तानी हुने, गुणस्तरीयता कायम नहुने जोखिम भएकोले स्पष्ट स्थान तथा चेनेज तोकेर मात्र निर्माण कार्य गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ । जसका केही उदाहरण निम्नानुसार छन् :
<table>
<tr><td>योजना/सडक खण्डको नाम</td><td>सम्झौता मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>लागत अनुमान</td><td>उपभोक्ताको अंश</td><td>यस वर्ष भुक्तानी भएको रकम</td></tr>
<tr><td>जिमा झिरझिरपानी सकड निर्माण</td><td>२०७६।७७</td><td>जिमा झिरझिरपानी सकड निर्माण उ स</td><td>४०७३४३६</td><td>६८२४३५</td><td>६७२०००</td></tr>
<tr><td>झिरझिरपानी जिमाखोला सडक मर्मत</td><td>२०७८।९।२६</td><td>झिरझिरपानी जिमाखोला सडक मर्मत</td><td>२२०२४७४</td><td>२०५२००</td><td>१७०७८२४</td></tr>
<tr><td>सोरुकोट झिरझिरपानी सकड मर्मत</td><td>२०७८।८।१८</td><td>सोरुकोट झिरझिरपानी सकड मर्मत उ स</td><td>१५५१८१२</td><td>१५१८१२</td><td>१५५१८१२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
उपभोक्ता समिति मार्फत भएको कार्यको मर्मत<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ अनुसार उपभोक्ता समितिबाट भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गरी सो योजना तथा आयोजनाको रेखदेख, मर्मत सम्भारको जिम्मा सोही उपभोक्ता समितिलाई दिनुपर्ने व्यवस्था छ। कार्यालयले जिमा खोला झिरझिर पानी सडकको निर्माणको लागि जिमा झिरझिर पानी सडक खण्ड निर्माण उपभोक्ता समिति, वडा नं ६ सँग आ.व.२०७६।७७ मा सम्झौता भई गत वर्षसम्म निर्माण सम्पन्न भएकोमा रकमको अभाव जनाई यस वर्ष उपभोक्ता समितिबाट बिल पेस भई पेश्की कट्टा गरी रु.६७२०००।- भुक्तानी गरे पछि सो सडकको सम्पूर्ण भुक्तानी भएको छ। नियमावलीको व्यवस्था अनुसार सो सडक सम्पन्न भएको अवस्थामा सो योजना निर्माण गर्ने उपभोक्ता समितिलाई हस्तान्तरण गरी सो योजनाको मर्मत कार्य सो योजना निर्माण गर्ने उपभोक्ता समितिबाट गराउनको लागि सो समितलाई जिम्मेवार बनाउनु पर्नेमा कार्यालयले यो वर्ष सोही सडक मर्मतको लागि योजना बनाई अर्को सडक मर्मत उपभोक्ता समिति गठन गरी रु.२२,०२,४७४।- को लागत अनुमान स्वीकृत गरी मर्मत कार्य गराई पहिले योजना सम्पन्न गर्ने उपभोक्ता समितिको जिम्माको मर्मत कार्य अर्को उपभोक्ता समिति मार्फत गराई रु.१७,०७,८२४।- भुक्तानी गरेकोले कार्यालयलाई थप आर्थिक व्ययभार पारेको रु.१७,०७,८२४।-
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **अनुमान भन्दा वास्तविक बजेट बढी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार गाउँसभामा आगामी आर्थिक वर्षको बजेट पेस गर्दा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्षको बजेट अनुमान पेस गर्दा आर्थिक वर्ष २०७७।७८ को अन्तिम सम्ममा हुने आम्दानी खर्चको संशोधित अनुमानलाई ख्याल नगरी बजेट निर्माण गरेकोले सभामा पेश गरेको बजेट भन्दा सुत्रले दिने कुल बजेट फरक देखिँदा सभाले पारित गरेका आयोजना तथा योजना सञ्चालन तथा निर्माणमा श्रोतको अभाव भई आयोजना तथा योजना निर्माणमा अवरोध आउन सक्ने भएकोले पालिकाले आगामी वर्षको बजेट निर्माण गर्दा चालु वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमानलाई समेत ख्याल गरेर बजेट निर्माण गरी बजेट तथा खर्चलाई यथार्थपरक बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| ४१ | | | **हेभी मेसिनको प्रयोग**<br>सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा श्रममूलक कार्य गराउनु पर्दछ । गाँउपालिकाले सडक निर्माणको क्रममा हेभी मेसिनको प्रयोग गरी केही कार्य मात्र श्रमदान गराएको देखाइ ठूलो रकम उपभोक्ता समिति मार्फत कार्य गराइ निर्माण ब्यबसाय अन्तर्गत दर्ता भएका ब्यवसायीलाइ हेभी उपकरणको बिल रकमको भुक्तानी दिएको छ । सार्बजनिक खरिद नियमाबलीको मर्म र भाबना अनुरुप स्थानिय स्तरमा रोजगारी सृजना गराइ आय आर्जनमा बृद्धि गराउने लक्ष्य अनुरुपको कार्य भएको देखिएन। यसरी हेभी मेसीनको प्रयोग आवश्यक परेको स्थानमा प्याकेज तयार गरी बोलपत्रको माध्यमबाट खरिद नगरिँदा प्रतिस्पर्धा समेत सीमित भई लागत अनुमान अनुसारको निर्माण कार्य उपभोक्ता समितिसँगको सम्झौता गरी खर्च गरेको छ । गाँउपालिकाले यस बर्ष कार्यान्वयन गरेका योजना अन्तर्गत हेभी मेसिनको प्रयोग गराई उपभोक्ता समितिबाट कार्य भएका योजनाहरु निम्न अनुसार रहेका छन: | |

| भौ न मिति | कार्य बिबरण | बिल रकम | निर्माण ब्यबसायीको नाम | मेसिनको बिल |
|---|---|---|---|---|
| २२/२०७८।१०।६ | जिमा झिरझिरपानी सडक निर्माण | १८५८६६६।९८ | रारा जिवन कन्स्ट्रकसन् मुगु | ७०००००।०० |
| २३/२०७८।१०।६ | सोरुकोट झिरझिरपानी सडक मर्मत | ११३२३५०।०० | रारा जिवन कन्स्ट्रकसन् मुगु | ९७८३५०।४० |
| २३५/२०७९।३।२० | सोरुकोट झिरझिरपानी सडक खण्ड मर्मत | ३८०९४३।०९ | रारा जिवन कन्स्ट्रकसन् मुगु | ३८०९४३।०९ |
| | | | | २०५९२९३।४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आफ्नो मौज्दात समेत बिचार गरि वार्षिक खरिद योजना बनाई खरिद कार्य गर्नुपर्नेमा सोको पालना गरेको छैन । कार्यालयले यस वर्ष आबश्यक पर्नै बिबिध सामानहरु खरिदमा सिलबन्दी दरभाउ पत्र तथा प्याकेज तयार गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने देखिएकोमा सोझै खरिद विधिबाट खरिद गरी रु.१५५९९५२।७० भुक्तानी गरेको देखियो । एकै पटक खरिद गरी प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु प्राप्त गर्नुपर्नेमा लागत अनुमान र स्पेशिफिकेशन वेगर पटक पटक सामान खरिद हुदाँ गुणस्तरीय र प्रतिस्पर्धी मूल्यमा सामान प्राप्त भयो भन्न सक्ने अवस्था नरहने हुँदा कार्यालयले अबलम्बन गरेको खरिद विधि नियमसम्मत देखिएन । | १,६५९,९५१ |

| शिर्षक | भौ नं/मिति | बिबरण | आपुर्तक | खरिद रकम |
|---|---|---|---|---|
| | ८१/०७८।११।२७ | सेनिटरी प्याड खरिद | क्षितिज ट्रेड एण्ड सप्लायर्स, बाँके | ९५९९५१।९५ |
| | ८२/०७८।११।२७ | सेनिटरी प्याड खरिद | क्षितिज ट्रेड एण्ड सप्लायर्स, बाँके | ७०००००।७५ |
| | | | | १६५९९५२।७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **उपभोक्ता समितिको दर्ता**<br>संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष सम्झौता गरेका कुनै पनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट छुट्याएको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनु पर्दछ । | |
| ४४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यविधि तयार नगरी यस वर्ष विभिन्न व्यक्ति तथा संस्थालाई रु. ५०००।०० देखि रु ५००००।०० सम्म आर्थिक सहायता वितरण गरेको पाइयो ।पालिकाले आर्थिक सहायता सम्बन्धी खर्च तथा विवरण अद्यावधिक राखेको छैन । पालिकाले नामनामेशी सहितको विवरण सार्वजिनक गर्नु पर्ने तथा यस्तो खर्चमा मितव्ययिता कायम गरी कार्यविधि बनाएर मात्र वितरण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **योजना तर्जुमा तथा कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष अनुत्पादक खर्च बढाउने तरिकाले हेलिकप्टर तथा प्लेन चार्टर जस्ता योजनामा रु.१०,००,०००।- बजेट विनियोजन गरी सोही अनुसार खर्च गरेकोले सो खर्चले आर्थिक विकास तथा गरिबी निवारणलाई योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने तथा जनताको जिवनस्तर, रोजगारी बढ्ने भन्दा पनि अनावश्यक खर्च मात्र बढ्ने भएकोले यस्ता योजना तथा कार्यक्रममा बजेट छुट्याई खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| ४६ | | | **अनुदान फिर्ता खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण कागजात संलग्न गरी खर्च जनाउनु पर्ने व्यवस्था छ । कार्यालयले गत आर्थिक वर्षको संघीय सशर्त चालुतर्फको अनुदान प्राप्ति रु.१ करोड रकम आर्थिक वर्षभित्र खर्च नभएमा सोही वर्ष फिर्ता गर्नु पर्नेमा समयमै फिर्ता नगरी आर्थिक वर्ष २०७८/८९ मा ढीलो गरी फिर्ता गरेको रकमलाई यस वर्षको खर्च जनाई आर्थिक विवरण तयार गरेको छ । अनुदान फिर्ता रकमलाई सम्बन्धित आर्थिक वर्षमा फिर्ता गरी वास्तविक खर्च रकमलाई मात्र समावेश गरी आर्थिक विवरण तयार गर्नुमा सो रकमलाई यस वर्ष खर्च जनाउनाले यस वर्षको आर्थिक विवरणले वास्तविक खर्च भन्दा रु.१ करोड बढी खर्च देखाएको छ । | |
| ४७ | | | **खर्च अनुमोदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु तथा समितिबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण सबै योजनाहरुको पेश गर्ने गरेको छैन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>
बढी तलब भत्ता भुक्तानी<br>
कार्यालयले शिक्षकको तलब भत्ता निकासा गर्दा राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित तलबी प्रतिवेदनको आधारमा निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा राष्ट्रिय किताबखाना (शिक्षक) ले पारित गरेको तलबी प्रतिवेदनले पारित गरेको तलब भत्ता भन्दा बढी दरले भुक्तानी भएकोले पारित तलब भत्ता भन्दा बढी तलब भत्ता असूल हुनुपर्ने रु.
<table>
<tr><th>शिक्षकको नाम</th><th>विद्यालयको नाम</th><th>पारित तलब मासिक</th><th>भुक्तानी भएको तलब मासिक</th><th>बढी भुक्तानी महिना चाडपर्व समेत</th><th>बढी भुक्तानी क सं कोष सहित</th></tr>
<tr><td>नरजित मल्ल</td><td>जगतमाला मा वि</td><td>४४३२०</td><td>४५५८६</td><td>७ महिना</td><td>९६२२</td></tr>
<tr><td>विष्णु प्रसाद सुवेदी</td><td>ने.रा. मा वि धैन</td><td>३७२४९</td><td>३८२५६</td><td>१० महिना</td><td>१०९७६</td></tr>
<tr><td>पदम बहादुर बुढा</td><td>रारा मा वि कच्चे</td><td>३७२४९</td><td>३८२५६</td><td>७ महिना</td><td>७६५३</td></tr>
<tr><td>दान बहादुर रोकाया</td><td>महादेव आ वि आसिधारा</td><td>३७२४९</td><td>३८२५६</td><td>७ महिना</td><td>७६५३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>३५९०४</td></tr>
</table>
</td><td>३५,९०४</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>
सवारी साधन खरिद<br>
स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार संघीय सरकारबाट उपलब्ध गराइएको बजेट तथा श्रोतबाट स्थानीय निकायले कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । कार्यलयले यस वर्ष समानीकरण अनुदान प्राप्त रकमबाट १ थान दुई पाङ्ग्रे सवारी साधन (मोटरसाइकल) टी.भी. एस. अपाच्य खरिद गरी रु.३६९९००।- भुक्तानी गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>
पेश्की<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्न अनुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>म्याद नाघेको/ननाघेको</th></tr>
<tr><td>राजेन्द्र बुमी</td><td>२८००००/-</td><td>म्याद नाघेको ।</td></tr>
<tr><td>कर्ण बहादुर सावत</td><td>३,५६,६९४/-</td><td>म्याद नाघेको ।</td></tr>
<tr><td>जलप /रवि चक्र जे.भि</td><td>६५,००,०००/-</td><td>म्याद नाघेको ।</td></tr>
</table>
</td><td>२१,६८३,४५४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | बुम्च सामुदायिक झो.पु.निर्माण समिति | ७,००,०००/- | म्याद नाघेको । | |
| | | | बाज बिसौनी कृषि सहकारी संस्था लि. | १,४०,०००/- | म्याद नाघेको । | |
| | | | भवानी मन्दिर पुरूमुरू | १,६५,०००/- | म्याद नाघेको । | |
| | | | घाम पावर नेपाल प्रा.लि. | १७,००,०००/- | म्याद नाघेको । | |
| | | | रिजवान इन्जिनियरिङ्ग उद्योग | २,५०,०००/- | म्याद नाघेको । | |
| | | | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय हितवाडा मुगु | १,२०,०००/- | म्याद नाघेको । | |
| | | | साँझेदारीमा अाधारित सिमि खेति संचालक समिति | २,१४,५००/- | म्याद नाघेको । | |
| | | | कर्णाली विजयी कृषि सहकारी संस्था लि. | १,३२,०००/- | म्याद नाघेको । | |
| | | | सोरु गाउँपालिकाको कार्यालय, मुगु(अध्यक्ष) | २,९७,०००/- | म्याद नाघेको । | |
| | | | खोला खा पा निर्माण | १,६५,०००/- | म्याद नाघेको । | |
| | | | विष्णुदेव सामुदायिक बाल विकास केन्द्र | ९९,०००/- | म्याद नाघेको । | |
| | | | काडागांहा कृषि सहकारी संस्था लिमिटेड | १,६५,०००/- | म्याद नाघेको । | |
| | | | देउती कृषि समुह सोरु ८ | १,६५,०००/- | म्याद नाघेको । | |
| | | | धर्मलाल बाल विकास केन्द्र | ४९,५००/- | म्याद नाघेको । | |
| | | | सोरु गाउँपालिकाको कार्यालय, मुगु(अध्यक्ष) | १,०५,०००/- | म्याद नाघेको । | |
| | | | कालिका नि.मा.वि . लिब्रु मुगु | १०,८०,०००/- | म्याद नाघेको । | |
| | | | नेपाल राष्ट्रिय आ वी सङ्घि मुगु | ५,४०,०००/- | म्याद नाघेको । | |
| | | | मस्टा आ.वी तलिकालै मुगु | ५,४०,०००/- | म्याद नाघेको । | |
| | | | रुमालदेव आ.वी.सोरु ११द गुरुगाँउ मुगु | ५,४०,०००/- | म्याद नाघेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सर्किदेव आ.वी रावल वाडा मुगु | ५,४०,०००/- | म्याद नाघेको । | | |
| | | | | श्री युवा वर्ष नि.मा.वि. सोरूकोट मुगु | ६,५०,०००/- | म्याद नाघेको । | | |
| | | | | जनजोति मा .वी. नाथर्पु मुगु | १०,८०,०००/- | म्याद नाघेको । | | |
| | | | | सिप अा.सि.सि. बाटो निर्माण | ४,००,०००/- | म्याद नाघेको । | | |
| | | | | कालिकोट कुलो मर्मत समिति | १,९८,०००/- | म्याद नाघेको । | | |
| | | | | कालिकोट बाटो मर्मत समिति | ५०,०००/- | म्याद नाघेको । | | |
| | | | | खानेपानी मर्मत सोरु ३ मुगु | १,००,०००/- | म्याद नाघेको । | | |
| | | | | पिनार खानेपानी मर्मत | ९९,०००/- | म्याद नाघेको । | | |
| | | | | जिउला सिचाइ मर्मत उ स | ६६,०००/- | म्याद नाघेको । | | |
| | | | | कर्ण बहादुर सावत | २,००,०००/- | म्याद नाघेको । | | |
| | | | | कर्ण बहादुर सावत | ८५,०००/- | म्याद नाघेको । | | |
| | | | | केवल रावल | ८,२९,४००/- | म्याद नाघेको । | | |
| | | | | गौरी जैसि | २०,०००/- | म्याद नाघेको । | | |
| | | | | चरित्र धामी | २०,०००/- | म्याद नाघेको । | | |
| | | | | ज्ञान बहादुर शाही | २,००,०००/- | म्याद नाघेको । | | |
| | | | | ज्ञान बहादुर शाही | ४,९०,०००/- | म्याद नाघेको । | | |
| | | | | जनक वहादुर वुढा | ६०,०००/- | म्याद नाघेको । | | |
| | | | | जनक बहादुर वुढा | २,४०,०००/- | म्याद नाघेको । | | |
| | | | | तेज बहादुर शाही | ४८,०००/- | म्याद नाघेको । | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रेम बहादुर रोकाया | २०,०००/- | म्याद नाघेको । | | |
| | | | | राजेन्द्र बहादुर छत्याल | २०,०००/- | म्याद नाघेको । | | |
| | | | | विष्णु महतारा | ६,००,०००/- | म्याद नाघेको । | | |
| | | | | धनकृष्ण रोकाया | ५०,०००/- | म्याद नाघेको । | | |
| | | | | अनिल बहादुर मल्ल | ९०,०००/- | म्याद नाघेको । | | |
| | | | | मणिचन्द्र कार्कि | ३,५०,०००/- | म्याद नाघेको । | | |
| | | | | सिता रोकाय | ७,७८,३६०/- | म्याद नाघेको । | | |
| | | | | नविन बुमी | ११,०००/- | म्याद नाघेको । | | |
| | | | | अनिल कुमार मल्ल | १,००,०००/- | म्याद नाघेको । | | |
| | | | | असल बम | १,५०,०००/- | म्याद नाघेको । | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **निकासा**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार खर्च भएको बील भरपाईको लेखा राख्नुपर्ने र कुनै भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिकामा बुक कर्नर छात्रवृत्ति लगायत अनुदान निकासा गर्दा इलेष्ट्रिकल वेस EMIS विवरण तथा खर्चको पुष्ठाई हुने विवरण पेश गर्नुपर्नेमा देहायको निकाशा दिएकोले EMIS डाटा विवरण अभिलेख अद्यावधिक नराखि रु २५,५६,८७७ खर्च गरेको पाईयो। पालिकामा EMIS (विद्यार्थीको संख्या) अद्यावधिक गरी नराखेकोले छात्रवृति, पाठयक्रम लगायतका रकम के कति विद्यार्थीलाई भुक्तानी दिनुपर्ने थियो र के कति विद्याथीलाई भुक्तानी दिएको हो र बाँकी रहेको बजेट रकम फिर्ता गरेको पाइएन। | |

| गो.भौ.नं र मिति | विद्यालय | विवरण | रकम |
|---|---|---|---|
| ५।०७८।१।७ | २१ वटा विद्यालयलाई | पाठ्यपुस्तक अनुदान | ८६३५१८ |
| ७०।०७८।२।७ | २१ वटा विद्यालयलाई | बुक कर्नर | २४४५५० |
| १०६।०७८।३।२४ | २१ वटा विद्यालयलाई | छात्रवृत्ति अनुदान | २४३२०० |
| | २१ वटा विद्यालयलाई | दिवा खाजा | १२०५६०९ |
| **जम्मा** | | | **२५५६८७७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **सामाजिक सुरक्षा तर्फः**<br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.६६५११२४५/- प्राप्त भएकोमा सोही रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २१ मा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । नेपाल राजपत्रमा २०७७।७।२४ मा प्रकाशित सूचना अनुसार यस पालिकाले २०७७।८।१ देखि अनिवार्य रुपमा बैंङ्किङ प्राणाली मार्फत सामाजिक भत्ता वितरण गर्नुपर्ने उल्लेख रहेकोमा बैंक मार्पत वितरण गरेको पाईयो ।<br><br>• एम.आई.एस विवरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम=आई=एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ ।नगरपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको पाईयो। नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै | ३४१,७०४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम=आई=एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिकाले एम=आई=एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ ।<br>• सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम १६ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ताको लागि नयाँ नाम दर्ता, नविकरण, सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण र त्यस्तो भत्ता बुझिलिनेको नामावली, विविध कारणले एम.आई.एस अभिलेखबाट लगत कट्टा भएका लाभग्राहीको विवरण, स्वेच्छिक रुपमा सामाजिक सुरक्षा भत्ता नलिने घोषणा गरेकाको नाम तथा सम्मान गरिएको लगायतको विवरण चौमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । यस्तो विवरण सार्वजनिक गर्दा सम्बन्धित स्थानीय तह तथा वडा कार्यालयमा तथा संभव भएसम्म विद्युतिय प्रणाली मार्फत प्रकाशन गरि सोको जानकारी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा हेर्ने निकायमा समेत पठाउनुपर्नेमा सो गरेको पाईएन । नियमावलीको व्यवस्थाको पालना हुनुपर्दछ ।<br>• सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २२(१) मा ऐन तथा नियमावली बमोजिम राखिएको अभिलेख तथा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सम्बन्धित कार्यपालिकाका प्रमुखले निरन्तर अनुगमन गर्नु वा गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धि विवरण लेखापरीक्षणमा पेश नभएकोले नियममा भएको व्यवस्था बमोजिम अनुगमन भए नभएको सम्बन्धमा एकिन हुन सकेन ।<br>• सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनुपर्ने सम्बन्धि व्यवस्था छ । यस सम्बन्धि विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं (९) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने सम्बन्धि व्यवस्था छ । गाउँपालिकाबाट ४ वटै त्रैमासिकमा वितरण गरिएको भर्पाई विवरणलाई आधार मानी नमुना छनौट गरि परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकोले पालिकाले वितरण गर्ने कर्मचारीलाई जिम्मेवार बनाई लाभग्राहीबाट असुल गर्नुपर्ने देखिएको रु. | |

| वडा नं | लाभग्राहीको नाम | समुह | दिईएको | पाउनुपर्ने | बढी | कैफिएत |
|---|---|---|---|---|---|---|
| ३ | एके बुमी | जेष्ठ नागरिक | ७१९०० | ३१९२० | ३९९८० | पहिलो र दोस्रो किस्ता |
| ३ | बाली बुमि | जेष्ठ नागरिक | ४७९६० | ३१९२० | १६०४० | पहिलो र दोस्रो किस्ता |
| ३ | बेलासे बुमि | जेष्ठ नागरिक | २३९६० | १५९६० | ८००० | पहिलो र दोस्रो किस्ता |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | कमीनी धामी | जेष्ठ नागरिक | ६३९४० | ३१९२० | ३१९२० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ७ | बिपना बुढा | बाल पोषण अनुदान | ५१७२ | १५९६ | ३५७२ | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ७ | जेठकला रावल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ७ | सुनिल बुमी | बाल पोषण अनुदान | ३१९२ | १५९६ | १५९६ | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ७ | सागर बुढा | बाल पोषण अनुदान | ५५९२ | १५९६ | ३९९६ | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | चिने बुढा | जेष्ठ नागरिक | २२९६० | १५९६० | ७००० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | आशिष कामी | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | विशाल भियाल | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | संगिता कार्की | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | निर्मला शाही | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | श्रेष्ठ कार्की | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | निशा शाही | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | सिम्रन कार्की | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | प्रविण बाम | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | रमेश रावल | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | सोचपुरा रावल | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | सुस्मिता शाही | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | शिव लक्ष्मी रावल | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |
| | | | | ८ | निर्माया बाम | बाल पोषण अनुदान | ९५९२ | ३१९२ | ६४०० | पहिलो र दोश्रो किस्ता | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ८ | सुसन बुढा | बाल पोषण अनुदान | ११११८४ | ६३८४ | ४८०० | तेस्रो र चौंथो किस्ता | | |
| | | | | ८ | श्रेष्ठ कामी | बाल पोषण अनुदान | ११११८४ | ६३८४ | ४८०० | तेस्रो र चौंथो किस्ता | | |
| | | | | ६ | सुदर्शन रोकाय | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | तेस्रो र चौंथो किस्ता | | |
| | | | | ११ | आयुष मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | चन्द्र प्रकाश मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | चन्द्र बहादुर मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | सुजता रावल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | दरिन्द्र मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | अन्तिम शाही | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | बिश्वास शाही | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | सोनिया रोकाय | बाल पोषण अनुदान | ४३९२ | ३१९२ | १२०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | यमराज शाही | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | विवेक कार्की | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | महेश्वरी सार्की | बाल पोषण अनुदान | ३९९२ | ३१९२ | ८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | प्रगति शाही | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | स्वस्तीका शाही | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | मिसन मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | भिम जङ्ग रोकाय | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | भिम राज रोकाय | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ११ | जिल्ला सिंह सार्की | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | करण मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | प्रतिक्षा मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | मनिषा मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | रोशन रोकाय | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | अनुस्का शाही | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | सितान्जली बि क | बाल पोषण अनुदान | ६७९२ | ३१९२ | ३६०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | पवन रोकाय | बाल पोषण अनुदान | ४३९२ | ३१९२ | १२०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | विकेश्ना मल्ल | बाल पोषण अनुदान | ४७९२ | ३१९२ | १६०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | मौसमी मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | किरण शाही | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | देविका मल्ल | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | सृष्टी बुढा | बाल पोषण अनुदान | ७९९२ | ३१९२ | ४८०० | पहिलो र दोस्रो किस्ता | | |
| | | | | ११ | कमला रोकाय | बाल पोषण अनुदान | ६७९२ | ३१९२ | ३६०० | पहिलो र दोस्रो किस्ता | | |
| ५३ | | | **शिक्षक, विद्यार्थी अनुपात**<br>शिक्षा ऐन, २०२८ को (नवौ संसोधन २०७४) तथा शिक्षा नियमावली, २०५९ को (नवौ संसोधन, २०७४) बमोजिम पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात १:४५ भएको र यस वर्ष यस गाउँपालिका अन्तर्गतका 56 विद्यालयमा 263 शिक्षक दरबन्दी रहेकोमा विद्यार्थी संख्या 5079 रहेकोले शिक्षक विद्यार्थी अनुपात १:19 रहेको देखियो। विद्यार्थी संख्या, भौगोलिक अवस्था, विद्यालय पुग्न लाग्ने समय, दुरी तथा पढाईबाट बञ्चित नहुने आदि अवस्था विचार गरी शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने व्यवस्था गर्नुपर्नेमा यस वर्ष सो कार्य भएको देखिएन। अतः गाँउपालिका समेतले अनुगमन गरी गाउँपालिका, शिक्षा विकास तथा समन्वय ईकाई र स्थानीय समुदायबीच समन्वयको व्यवस्था मिलाई शिक्षक दरबन्दी मिलान तथा विद्यालय गाभ्ने कार्यमा सहजता ल्याउनुपर्दछ। | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५४ | | | **लेखापरीक्षण**<br>आर्थिक वर्ष २०७८/७९ मा 56 वटा विद्यालय मध्ये कुनै पनि विद्यालयले लेखा परीक्षण गराएका छैनन्। वित्तीय अनुशासन कायम गर्न गराउन विद्यालयहरुको लेखापरीक्षण अनिवार्य गराउनु पर्दछ। | |
| ५५ | | | **गत आ.व. को भुक्तानीः**<br>-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,2077 को नियम 39(13) अनुसार उपनियम (15) मा उल्लिखित शिर्षकमा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ ।तर यस पालिकाले २०७७/७८ को भुक्तानी गर्न बाँकी करार कर्मचारीको पारिश्रमीक, योजना कार्यक्रमको भुक्तानी, वडा कार्यालय तथा पालिकाको खर्च कार्यपालिकाको निर्णयको आधारमा यो वर्ष गत वर्षको भुक्तानीको लागि बजेट व्यवस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । वार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागी सम्झौता गरेकै कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रम सम्झौता गरी खर्च गरेको रकम रु.५,९७,६५,२५३/- नियमसम्मत नदेखिएको । | ५९,७६५,२५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **पदाधिकारी चाडपर्व खर्च**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको ऐन, २०७७ को दफा १० अनुसार स्थानीय तहका पदाधिकारीहरुले अनूसूची २ मा उल्लेख भए बमोजिम वर्षको एक पटक मात्र चाडपर्व खर्च पाउने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकेको व्यवस्था भन्दा बढी दरले चाडपर्व खर्च भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१,०५,०००।- असूल गरी दाखिला गर्नुपर्ने रु. | १०५,००० |

| क्रम संख्या | पदाधिकारीको नाम,थर | पाउनुपर्ने चाडपर्व खर्च | भुक्तानी भएको | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | लोक बहादुर शाही | १५,०००/- | ३५,०००/- | २०,०००/- |
| २ | राज्य लक्ष्मी मल्ल बम | १५,०००/- | ३०,०००/- | १५,०००/- |
| ३ | मिसिन्द्र शाही | १५,०००/- | २२,०००/- | ७,०००/- |
| ४ | ऐन बहादुर शाही | १५,०००/- | २२,०००/- | ७,०००/- |
| ५ | लालु धामी | १५,०००/- | २२,०००/- | ७,०००/- |
| ६ | डबल शाही | १५,०००/- | २२,०००/- | ७,०००/- |
| ७ | गणेश बुढा | १५,०००/- | २२,०००/- | ७,०००/- |
| ८ | मन प्रसाद भट्ट | १५,०००/- | २२,०००/- | ७,०००/- |
| ९ | राजेन्द्र बुमी | १५,०००/- | २२,०००/- | ७,०००/- |
| १० | जनक रावल | १५,०००/- | २२,०००/- | ७,०००/- |
| ११ | परुनाथ योगी | १५,०००/- | २२,०००/- | ७,०००/- |
| १२ | धर्मराज जैसी | १५,०००/- | २२,०००/- | ७,०००/- |
| | **जम्मा रकम रु** | **१,८०,०००/-** | **२,८५,०००/-** | **१,०५,०००/-** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः**<br>पालिकाले अनुदान पाउने निकायबाट खर्चको विवरण, वित्तीय तथा भौतिक प्रगति र कार्य सम्पन्न प्रतिवेदन प्राप्त गर्नुपर्दछ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको वर्षान्तको अन्त्यमा निम्न विद्यालयलाइ निकासा दिइ खाता रोक्का राखेकोमा लेखापरीक्षण अवधि सम्म खर्चको विवरण, वित्तीय तथा भौतिक प्रगति र कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएकोले खर्च भएको एकिन गर्न नसकिएको हुदाँ स्थानीय तहको काम भएको सिफारीस सहित कार्य सम्पन्न प्रमाण पेश गर्नुपर्ने दखिएको रु | १६,३५०,००० |

| **क्र.स.** | **विद्यालयको नाम** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| 1. | रुमाल आ.वि. गुरुगाउँ | १८,००,०००/- | २ कोठे भवन निर्माण |
| 2. | सर्किदेव आ.वि. रावलवाडा | १८,००,०००/- | २ कोठे भवन निर्माण |
| 3. | मष्टा आ.वि. तलिकाले | १८,००,०००/- | २ कोठे भवन निर्माण |
| 4. | नेरा आ.वि. सिडी | १८,००,०००/- | २ कोठे भवन निर्माण |
| 5. | कालिका मा.वि. लिब्रु | ३६,००,०००/- | ४ कोठे भवन निर्माण |
| 6. | जनज्योति मा.वि. नाथर्पु | ३६,००,०००/- | ४ कोठे भवन निर्माण |
| **७.** | **बिजय मा.बि. कालै** | **६,५०,०००/-** | **आईसिटी ल्याब** |
| **८.** | **रारा मा.वि. कच्चे** | **६५०,०००/-** | **आईसिटी ल्याब** |
| **९.** | **गुरु मा.वि भिई** | **६५०,०००/-** | **आईसिटी ल्याब** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. १७,००,०००। को औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>-खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको।<br>-आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको।<br>-आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>-औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।<br>-औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ५९ | | | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (5) बमोजिम सरकारी कार्यालयले खर्चको भुक्तानी दिँदा खर्च पुष्टी हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न राख्नु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १६३।०७९।०३।१५ भ्रमण आदेश र बिल स्वीकृत नगरी तिलक बहादुर शाही लाई रु २४,०००/- भुक्तानी दिएकोमा सो रकम निज संग असुल गरी दाखिला गर्नुपर्ने रु. | २४,००० |
| ६० | | | **बढी भुक्तानी**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको ऐन, २०७७ को दफा ५ को उपदफा (१) र (२) , दफा ६, ७, ८ र ९ को उपदफा (१),(२) र ३ अनुसार सोहि ऐनको अनुसुची १ बामोजिम पाउनुपर्ने सेवासुविधा भूक्तानी गर्दा रु ६,०००/- बढी भुक्तानी भएकोले असुल गरि दाखिला गर्नुपर्ने रु | ६,००० |

| क्रम संख्या | पदाधिकारीको नाम,थर | मासिक पाउनुपर्ने सेवासुविधा रकम साउन, भदौ र असोज महिनाको | भुक्तानी भएको सेवासुविधाको रकम प्रति महिना | बढि रकम |
|---|---|---|---|---|
| १ | लोक बहादुर शाही | ९९,०००/- | १,०५,०००/- | ६,०००/- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६१ | | | **डोर हाजिरि**<br>नगरपालिकाले तोकीएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्भौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । सम्बन्धित साइट प्राबिधिकले समेत डोर हाजिरी प्रमाणीत गरेको देखिएन । फारममा हाजिर राख्नेको नाम व्यबस्थित गरि खुलाउने गरेको छैन । फारमको भाग–३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । यसबाट सम्पन्न निर्माण कार्यमा भएको जिन्सी सामानको खपत तथा कामदारको विवरण अनुसार निर्माण खर्च बिश्लेषण गर्न सक्ने अवस्था देखिएन । प्राविधिक नर्म्स अनुसार सामाग्री र श्रम गणना गरी लागत अनुमानका साथ डोर हाजिरको ब्यबस्थापनमा ध्यान हुनुपर्दछ । | |
| ६२ | | | **वित्तीय समानिकरण अनुदान बाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकले तलव भत्ता वापत शसर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । सावीकका जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले पालिका अन्तर्गत २१ वटा प्राथमिक विद्यालयमा स्वयंसेवक शिक्षकहरु करारमा भर्ना गरी आ.व. २०७८/०७९ मा वित्तिय समानीकरण अनुदानबाट स्वीकृत दरबन्दी भित्र नपरेका स्वयंमसेवक शिक्षकलाई वित्तीय समानिकरण अनुदानबाट रु.६३,००,०००/- खर्च लेखेको छ । | ६,३००,००० |
| ६३ | | | **तलवी प्रतिवेदन**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख२ बमोजिम तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीको तलबी प्रतिवेदन पारित गरेको देखिएन । तलबी प्रतिवेदन पारित नगरी नगरपालिकातर्फका कर्मचारीहरुको रु.२,५२,२७,१७७तलब भत्ता भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा तलब र ग्रेड रकम सम्बन्धमा यकीन हुन सकेन । पालिकाले ऐनको व्यवस्थाको पालना गरी कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| ६४ | | | **करार कर्मचारी खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र तथा कार्यबोझको विश्लेषण गरी संङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामका लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन लगायतका पदमा मात्र सेवा करारमा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद बाहेकका विभिन्न पद कम्प्युटर अपरेटर, अनमी, अहेव, रोजगार संयोजक जस्ता पदमा ५१ कर्मचारी करारमा नियुक्त गरी रु.१,०२,६८,०००। भुक्तानी गरेको कार्य नियमसम्मत नदेखिएको रु. | १०,२६८,००० |
| ६५ | | | **रकमान्तरः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजिगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढ्ने गरी रकमान्तर गर्न सक्ने व्यवस्था रहेको तर चालु शीर्षकमा रकमान्तर गर्न मिल्ने देखिँदैन । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७८।११।२३ को गाउँसभाको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | हिउँदे अधिवेशनबाट पारित गरी २५ आइटममा विनियोजित बजेट विभिन्न २८ आइटममा ऐन अनुसार रकमान्तर गर्न पाउने उल्लेख नभएको चालु शीर्षकबाट चालुमा तथा पुँजीगत शीर्षकबाट चालुमा समेत रकमान्तर गरी अतिरिक्त रकम थप गर्नु उचित देखिएन । केही उदाहरणहरु निम्नानुसार छन् : | |

| सि नं | स्वीकृत योजना | रकमान्तर गरेको योजना | रकम |
|---|---|---|---|
| १९३ | आर जे पोल्ट्री फार्म | आर एस विशिष्ट पशुपन्क्षी तथा ह्याचरी तथा कृषि जडिबुटी प्रशोधन केन्द्र | ३००००० |
| २०५ | महिला सशक्तिकरण कार्यक्रम | महिला सशक्तिकरण कार्यक्रम वडा ८ | १००००० |
| २०३ | फिल्ड निर्माण | खा पा मर्मत | १००००० |
| २०७ | बाल ज्योति सोलार व्यवस्थापन | बाल ज्योति फर्निचर व्यवस्थापन | १५०००० |
| १९९ | तिज विशेष कार्यक्रम | विविध | १००००० |
| १९४ | इन्धन | विविध | १००००० |
| ३५२ | अन्य सेवा शुल्क | विविध | १३०००० |
| ३५९ | बैठक भत्ता | विविध | ११३४०० |
| ६२ | खोप केन्द्र आर सि सि | जवलधारा खा पा मर्मत | ७६००० |
| ६४ | वडा नं १ पुँजीगत (विविध) | वि क बस्ती खा पा मर्मत | ८०००० |
| २२३ | गुल्म खानेपानी मर्मत | पानीखान घेराबार | १००००० |
| ३०७ | छलपुइनै सिँचाई मर्मत | विविध कोष | १००००० |
| ४१३ | भ्रमण खर्च वडा नं १० | विविध चालु | ११६००० |
| ३८३ | विपत् व्यवस्थापन अल्या | कार्यालय मसलन्द विविध | ३१५००० |
| ३७३ | गिलाहाँ खानेपानी मर्मत | गोठेपाट खानेपानी मर्मत | १५०००० |
| ३७७ | बैठक भत्ता अल्या | विविध | २०००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३९ | मसलन्द तथा कार्यालय सामाग्री | नवौं गाउँसभा मसलन्द खर्च | २५०००० | | |
| | | | | ३५ | फर्निचर तथा फिक्चर | आठौं तथा नवौं गाउँसभा अपुग खर्च | ३६०००० | | |
| | | | | ३९४ | धनसाँडा खानेपानी मर्मत | जनता निवास सोरु ९ तथा बाटो मर्मत | १००००० | | |
| | | | | ४०१ | सिङ्डी बाटो निर्माण | विजय मा वि कालै फर्निचर निर्माण | ५०००० | | |
| | | | | १७० | साँस्कृतिक कार्यक्रम सोरु ६ अल्या | गा पा अध्यक्षको सचिवालय | १५०००० | | |
| | | | | १६० | वडा स्तरीय लक्ष्यित विकास कार्यक्रम | गा पा अध्यक्षको सचिवालय व्यवस्थापन | ३००००० | | |
| | | | | १५३ | राहत ढुवानी | लक्ष्यित विकास कार्यक्रम वडा ७ | २९७५०० | | |
| | | | | १६४ | शिक्षा अन्य सेवा शुल्क | लक्ष्यित कार्यक्रम वडा १ | २९७५०० | | |
| ६६ | | | अद्यावधिक बेरुजू स्थिति | | | | | | |

| गत वर्षसम्मको फछर्यौट गर्न बाँकी (रू.)(C) | यो वर्षको सम्परीक्षणबाट कायम बेरुजू (रू.)(D) | यो वर्षको कायम बेरुजू (रू)(E) | बाँकी (C+D+E) |
|---|---|---|---|
| ३५९१२१ | - | १३६२३७ | ४९५३५८ |